मिति : २०८३/०६/१५

श्री सम्पादक ज्यू

सिधाकुरा मिडिया नेटवर्क प्रालि (सिधाकुरा डटकम)

बालुवाटार, काठमाडौं

विषय : खण्डन सम्बन्धमा

उपयुक्त सम्बन्धमा तपाई सम्पादक रहेको सिधाकुरा डटकम अनलाईन सञ्चार माध्यमबाट मिति २०८३ असोज १४ गते बुधबार **सरकारी कर्जा दुरुपयोगको आरोप लागेका उमेश गुप्ता फेरि औद्योगिक प्रष्ठिानको कार्यकारी निर्देशकमा सिफारीस** शिर्षकमा प्रकाशित/प्रसारित सामग्रीउपर मेरो ध्यानाकर्षण भएको छ। उक्त समाचार सामाग्रीका सम्बन्धमा मेरो देहायअनुसार बुँदागत प्रतिकृया एवं खण्डन एवं प्रतिक्रियालाई स्थान दिनुहुन अनुरोध गर्दछु।

देहाय :

१ प्रकाशित प्रसारित सामग्रीमा **एउटै परिवारका श्रीमान श्रीमतीलाई फरक फरक स्टार्टअप कर्जा** भनी उल्लेख भएको रहेछ। उक्त विषय फरक परेको छ। यथार्थ स्टार्टअप उद्यम कर्जा संचालन कार्यविधिमा व्यवस्था भए वमोजिम मुल्यांकन समितिले मुल्यांकन गरि नाम सिफारीस गर्दा कर्जा प्रवाह गर्ने बैंकले तिनपुस्ते जाँचगर्ने, स्थलगत निरिक्षण गर्ने तथा व्ल्याकलिष्ट भए नभएको जाँच गरी मात्र बैंकद्धारा कर्जा प्रवाह हुने गरेको हुँदा यसमा सत्यता छैन् साथै स्टार्टअप कर्जा वितरणमा कुनै अनियमितता छैन।

२. प्रकाशित प्रसारित सामग्रीमा **तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले कार्यकारी निर्देशक नियुक्त गरेका थिए। ओलीको ठाडो आदेशमा नियुक्त** भनी उल्लेख भएको रहेछ। उक्त विषय फरक परेको छ। यथार्थ श्री पुष्पकमल दाहाल (प्रचण्ड) प्रधानमन्त्री हुनु भएको बेला मिति २०८० भाद्रमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयद्धारा २१ दिने सूचना प्रकाशन भई २०८०/६/२३ मा ९ जना उम्मेदवारको नाम स्वीकृत भई २०८०/८/७ मा कार्ययोजना प्रस्तुतिकरण र अन्तरवार्ता सम्वन्धी सूचना प्रकाशित भएको साथै २०८०/८/१४ र १५ मा कार्ययोजान प्रस्तुतिकरण र अन्तरवार्ता सम्पन्न भई मन्त्रालयको २०८०/८/१७ को सूचनाबाट ३ जना सबै भन्दा बढि अंक प्राप्त गर्नेको नाम सिफारीस भएकोमा २०८०/८/२१ मा नियुक्ति पाई उत्तम कार्य सम्पादन गरेको हुँ। प्रकाशित समाचारमा कुनै सत्यता छैन्।

३. प्रकाशित प्रसारित सामग्रीमा **प्रतिष्ठानका लागि विज्ञहरुको रोस्टरमासमेत मापदण्ड बिना स्वार्थ बाझिने व्यक्ति** भनी उल्लेख भएको रहेछ। उक्त विषय फरक परेको छ। यथार्थ स्टार्टअप कर्जा कार्यविधिमा व्यवस्था भए अनुसार २०८२/७/२८ मा राष्ट्रिय दैनिक गोरखापत्रमा २ हप्ताको समय दिई विषय विज्ञको योग्यता समेत तोकेर सूचना प्रकाशित गरी प्राप्त आवेदकबाट समितिले योग्य विज्ञको अन्तरवार्ता गरी छनौट गरेको हो। प्रकाशित समाचारमा कुनै सत्यता छैन्।

Scanned with CamScanner

४. प्रकाशित प्रसारित सामग्रीमा **लगातार ५ वर्ष प्रतिष्ठानका विभिन्न भूमिका रहेका गुप्ताविरुद्ध प्रतिष्ठानकै कर्मचारीले छानबिनको माग गर्दै मन्त्रालयमा निवदेन** भनी उल्लेख भएको रहेछ। उक्त विषय फरक परेको छ। यथार्थ २०८० मंसिरमा नियूक्ति भई २०८३ वैशाख सम्म उत्तकृष्ट काम गरेको हो। प्रतिष्ठानको कुनै कर्मचारीले मन्त्रालयमा निवेदन दिएको छैन। साथै इकोसिस्टमका सबै स्टेकहोल्डरले सहयोग गरेर प्रतिष्ठानबाट युवा उद्यमीलाई रोजगारी सिर्जनालगायत उद्यम प्रवद्धनको क्षेत्रमा गर्नुपर्ने सेवा प्रवाह राम्रो संग भएको हो। प्रकाशित समाचारमा कुनै सत्यता छैन्।

५. प्रकाशित प्रसारित सामग्रीमा **हाल उद्योग मन्त्रालयमा रहेका सहसचिव नेत्र सुवेदीसँगको निकटता देखाएर गुप्ताले नियुक्ति हुनुपूर्व नै प्रतिष्ठानका कर्मचारीलाई दबाब दिन थालेको** भनी उल्लेख भएको रहेछ। उक्त विषय फरक परेको छ। यथार्थ औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले मन्त्रालय अन्तरगत औद्योगिक प्रवर्द्धन महासाखा संग समन्वय गरी काम गर्ने गरेको तथा प्रतिष्ठानका कुनै कर्मचारीलाई दवाब दिएको छैन् उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले आव २०८१/०८२ को अन्तमा कार्यसम्पादनको मुल्यांकनमा औद्योगिक व्यवसाय विकास प्रतिष्ठन कार्य सम्पादनको स्तर-**उत्तम** र मूल्यांकनमा प्राप्त अंक **८७.३२** रहेको छ। प्रकाशित समाचारमा कुनै सत्यता छैन्।

बोधार्थ

१. प्रेस काउन्सिल नेपाल

नाम : इ.उमेश कुमार गुप्ता
हस्ताक्षर
फोन नं. : ९८५१०५७१५५
इमेल : umeshkg@gmail.com

Scanned with CamScanner